मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

श्रीअन्नु प्रकाशन (प्रा.)लि.

२६ Purwanchal National Daily

◆ वर्ष : २६ ◆ अङ्क : १२२ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०७७ चैत ७ गते शनिवार (Saturday, March 20. 2021) नेपाल सम्वत् ११४१ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

**सूचना**

- सूचनाको हक प्रयोग गरी सम्बन्धित र सार्वजनिक सरोकारका सूचना मागौं ।
- सूचनाको हक नागरिकको मौलिक अधिकार हो ।
- प्रत्येक नेपालीलाई सार्वजनिक निकायको सूचना माग्ने र पाउने अधिकार छ ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रशारण विभाग

# स्वदेशी उत्पादनमा जोड

**तुलसीप्रसाद निरौला**

**बिर्तामोड, चैत ६।** नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले राजनीतिबाट मुक्त भएर, स्वार्थभन्दामाथि उठेर उद्योगी, व्यवसायीको हितमा काम गर्न बिर्तामोड उद्योग वाणिज्य संघका नवनिर्वाचित कार्यसमितिलाई सुझाव दिएका छन् ।

बिर्तामोड उद्योग वाणिज्य संघको नवनिवार्चित कार्यसमितिको शपथ ग्रहण तथा पद हस्तान्तरण कार्यक्रममा बोल्दै उनले यस्तो सुझाव दिएका हुन् । कार्यक्रमका प्रमुख अतिथि समेत रहेका ढकालले स्वदेशी उत्पादनमा जोड दिन व्यवसायीले भूमिका खेल्नुपर्ने बताउँदै स्थानीय उत्पादन र बजारीकरणमा विशेष सहकार्य गर्ने प्रतिबद्धता जनाए ।

आफू सँधै उद्योगी व्यवसायीको हक हितमा लागेको र आगामी दिनमा पनि सँधै लागीरहने प्रतिबद्धता व्यक्त गर्दै उनले उद्योगी व्यवसायीको हकहित र सुरक्षामा कुनैपनि कमी हुन नदिने बताए । सरकारसँग सँधै सहकार्य गरी उद्योगी व्यवसायीको हकहितको लागि अगाडि बढ्ने बताउँदै प्रमुख अतिथि ढकालले बैंकको ब्याजदर घटाउन महासंघले पहल गरिरहेको जानकारी दिए ।

बिर्तामोड उद्योग वाणिज्य संघको सभाहलमा शुक्रबार आयोजित सपथ ग्रहण तथा पद हस्तान्तरण कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईले नवनिर्वाचित अध्यक्ष प्रकाश शिवाकोटीलाई माइन्युट हस्तान्तरण गर्दै पद हस्तान्तरण गरिएको थियो ।

गत फागुन १६ गते भएको बिर्तामोड उद्योग वाणिज्य संघको निर्वाचनबाट अध्यक्ष शिवाकोटी सहित वरिष्ठ उपाध्यक्षमा राजु न्यौपाने, उद्योग सचिवमा सञ्जीव घिमिरे, वाणिज्य उपाध्यक्षमा राजकुमार घिमिरे राजु, जनसम्पर्क उपाध्यक्षमा नैनकला भट्टराई, महासचिवमा अर्जुन मैनाली, उद्योग सचिवमा कुशल खतिवडा, वाणिज्य सचिवमा कृष्ण पौडेल, कोषाध्यक्षमा दीपेन्द्र राउत, सहकोषाध्यक्षमा राधिका चुडाल हुमागाईं निर्वाचित भएका थिए । त्यस्तै सदस्यहरुमा गुञ्जन प्रसाईं, गौरीशंकर गुप्ता टिंकु,




## बिर्तामोड उद्योग वाणिज्य संघको पद हस्तान्तरण

जीवनकुमार खड्का, दीपक मित्तल, बलराम सिटौला(राम), विशाल थापा, पुकार बराल, महिला सदस्यमा तुलसा ढकाल खनाल र रुची शिवाकोटी निर्वाचित भएका थिए ।

कार्यक्रममा निर्वाचन समितिका संयोजक शेखर ढकालले नवनिर्वाचित अध्यक्ष शिवाकोटीलाई पद तथा गोपनियताको सपथ खुवाएका थिए भने नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालले महासंघको पिन लगाइदिएका थिए । बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष भट्टराईको अध्यक्षतामा भएको कार्यक्रममा संघका उपाध्यक्ष राजु न्यौपानेले स्वागत गरेका थिए ।

कार्यक्रममा नेपाल उद्योग वाणिज्य महासंघका केन्द्रीय सदस्य सुकृष्ण वैद्य, उमेश डालमिया, प्रदेश अध्यक्ष टीकाराज ढकाल, संविधानसभा सदस्य सुधिरकुमार शिवाकोटी, नेकपा एमाले झापाका अध्यक्ष चिन्तन पाठक, नेपाली काँग्रेस झापाका सभापति उद्धव थापा, नेकपा एमाले बिर्तामोड नगर अध्यक्ष ज्ञानुराम प्रसाईंलगायतले व्यवसायीको समस्या समाधान गर्न सफलता मिलोस् भन्दै नवनिर्वाचित समितिलाई वधाई तथा शुभकामना दिएका थिए ।

कार्यक्रममा निर्वाचन समितिका संयोजक शेखर ढकालले बिर्तामोड उद्योग वाणिज्य संघको मतदान शान्तिपूर्वक सम्पन्न गर्न सहयोग पुर्‍याउने उद्योगी-व्यवसायी, राजनीतिक दलका प्रतिनिधि, सुरक्षाकर्मी, नागरिक समाज, बुद्धिजीवीसहित आमसर्वसाधारणलाई धन्यवाद ज्ञापन गरेका थिए ।

कार्यक्रममा बिर्तामोड उद्योग वाणिज्य संघका निवर्तमान अध्यक्ष भट्टराईले साढे तीन वर्षको कार्यकालमा आफू अध्यक्ष हुँदा बिर्तामोड उद्योग वाणिज्य संघले गरेका कार्यहरुको बारेमा जानकारी गराएका थिए ।

त्यस्तै नवनिर्वाचित अध्यक्ष प्रकाश शिवाकोटीले आफू उद्योगी, व्यवसायीको हितमा सदैव लागीपर्ने बताउँदै आफ्नो कार्यकालमा बिर्तामोड उद्योग वाणिज्य संघलाई नयाँ उचाइ प्रदान गर्ने प्रतिवद्धता जनाएका थिए ।

कार्यक्रममा नवनिर्वाचित पदाधिकारीहरुलाई प्रमाण पत्र प्रदान गरिएको थियो भने निर्वाचन समितिका पदाधिकारीहरुलाई कदर पत्र प्रदान गरिएको थियो । कार्यक्रमको सञ्चालन निर्वाचन समितिका सदस्य तथा सञ्चारकर्मी केशव भट्टराईले गरेका थिए ।

## कोरोनाको 'दोस्रो लहर', सीमामा सतर्कता

**भारत, चैत ६।** भारतमा कोरोनाभाइरसको सङ्क्रमण पुनः बढ्न थालेपछि त्यहाँ काम गर्न गएका नेपालीहरू स्वदेश फर्किन सक्ने सम्भावनाको आकलन गर्दै नेपाल-भारत सीमा क्षेत्रमा सतर्कता अपनाइएको नेपाली अधिकारीहरूले बताएका छन् ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयका अनुसार नेपाल-भारत सीमामा रहेका १३ वटा हेल्थ डेस्कलाई सक्रिय बनाइएको छ । भारतको महाराष्ट्र, गुजरात, मध्यप्रदेश आदि राज्यमा कोरोनाभाइरस सङ्क्रमण फैलिने क्रम बढेको छ ।

रोजगारीका लागि भारतमा ठूलो संख्यामा नेपालीहरू बसोबास गर्ने र नजिकिएको फागु पूर्णिमाका बेला सीमावर्ती क्षेत्र हुँदै आवतजावत बाक्लो हुने हुँदा तत्काल सतर्कता अपनाइनुपर्ने अधिकारीहरूको भनाइ छ ।

**अहिलेको अवस्था कस्तो छ ?**

कोरोनाभाइरसको रोकथाम तथा नियन्त्रण गर्न भन्दै गत वर्षको चैत्रमा गरिएको लकडाउन यता नेपाल भारत सीमा क्षेत्रमा यात्रुहरू बोकेका सवारी साधनको आवतजावत बन्द छ ।

यद्यपि अधिकांश नाकाबाट मानिसहरू हिँडेरै आवतजावत गरिरहेको बताइन्छ । झण्डै एक वर्षदेखि रोकिएका यात्रुवाहक सवारीसाधनहरूलाई खुल्ला गर्ने गृहकार्य सरकारी निकायहरूले गरिरहेका छन् । पछिल्लो तथ्याङ्क अनुसार नेपालमा कोरोनाभाइरसबाट सङ्क्रमित हुने मानिसको कूल संख्या २,७५,६२५ पुगेको छ ।

बिहीवार एकैदिन नेपालमा थप १०७ जनामा कोरोनाभाइरस सङ्क्रमण पुष्टि भएको सरकारी तथ्याङ्क छ । त्यसमध्ये काठमाडौंमा ४४, ललितपुरमा आठ अनि भक्तपुरमा सात जनामा सङ्क्रमण पुष्टि भएको हो । तर केही महिनादेखि परीक्षणको संख्या घटेकाले कम संख्यामा सङ्क्रमण पुष्टि हुने गरेको जनस्वास्थ्यविद्हरू बताउँछन् । केही समयदेखि नेपालमा पनि क्रमिक रूपमा कोरोनाभाइरस सङ्क्रमण बढ्न थालेको सङ्केत देखा परेको भए पनि अहिले नै त्यसो भनिहाल्न मिल्ने अवस्था नरहेको शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालका प्रवक्ता अनुप बास्तोलाले बताए ।

अहिले उक्त अस्पतालमा कोरोनाभाइरस सङ्क्रमण भएका तीन जनाको सघन उपचार कक्षमा राखेर उपचार भइराखेको उनले जानकारी दिए । जुन हिसाबले जनस्वास्थ्यका मापदण्ड पालना गर्न छोडिएको छ, त्यसले सङ्क्रमण फैलिन सक्छ भन्ने सम्भावनाका

(बाँकी अन्तिम पृष्ठमा)

## छोरासँग मिलेर श्रीमान्को हत्या

**काठमाडौं, चैत ६।** बागलुङमा एक महिलाले छोरासँग मिलेर आफ्नै श्रीमान्को हत्या गरिएको आशंका गरिएको छ ।

जिल्लाको गलकोट नगरपालिका-४ चमुवाकी ३८ वर्षीया कुमारी सार्कीले २० वर्षीय छोरा अनिल सार्कीसँग मिलेर ४० वर्षीय श्रीमान् धनबहादुर सार्कीको हत्या गरिएको आशंका प्रहरीको छ ।

जिल्ला प्रहरी कार्यालयका अनुसार यही चैत १ गते राति घरमा विवाद हुँदा आमाछोरा मिलेर ४० वर्षीय सार्कीलाई निर्घात कुटपिट गरेका थिए । कुटपिटबाट गम्भीर घाइते भएका सार्कीलाई उपचार नगराएर घरमै राखेको अवस्थामा उनको चैत ३ गते मृत्यु भएको थियो ।

कुटपिटबाटै सार्कीको निधन भएको आशंका गाउँलेले गरेपछि प्रहरीले घटनास्थलमा पुगेर छानविन शुरु गर्‍यो । घटना अनुसन्धानकै क्रममा रहे पनि आमाछोरा मिलेर हत्या गरेको हुनसक्ने प्रहरीको आशङ्का छ । प्रहरीले आमाछोरालाई अनुसन्धानका लागि नियन्त्रणमा लिइसकेको जिल्ला प्रहरी कार्यालय बागलुङका सूचना अधिकारी तथा प्रहरी नायब उपरीक्षक इकवाल हवारीले जानकारी दिए ।

मदिरा सेवनका कारण घरायसी विवाद आएको देखिन्छ, आमाछोराले कुटपिट गरेपछि लडेर चोट लागेको जस्तो बनाउन थालेका रहेछन्- उनले भने- ३ गते मृत्यु भइसकेपछि छिमेकीले थाहा पाए, शरीरमा चोटपटक रहेछ, अनुसन्धानका क्रममा काठको आउलो प्रहार गरेको पाइएको छ, थप अध्ययन भइरहेको छ ।

आमाछोरा मिलेर हत्या गरेको भन्दै मृतकका दाजु ६० वर्षीय जुठे सार्कीले जिल्ला प्रहरी कार्यालय बागलुङमा कर्तव्य ज्यान सम्बन्धी मुद्दा दर्ता गराएपछि प्रहरीले मृतकका श्रीमती कुमारी सार्की र उनका छोरा अनिल सार्कीलाई पक्राउ गरेको जनाएको छ ।

## महिलालाई जिउँदै पुरेको आरोपमा पक्राउ

**धादिङ, चैत ६।** धादिङको त्रिपुरासुन्दरी गाउँपालिका खोल्सीस्थित सडकमा महिलालाई जिउँदै खाल्डोमा हालेर पुरेको आरोपमा प्रहरीले एक स्काभेटरका चालकलाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा सल्यानको छत्रेश्वरी

(बाँकी अन्तिम पृष्ठमा)

## होटलमा महिलासँग सुतेका वडाध्यक्ष पक्राउ

**झापा, चैत ६।** दोगडाकेदार गाउँपालिका-७का वडाध्यक्ष भरत महरा स्थानीय एक महिलासँग शङ्कास्पदरूपमा भेटिएका छन् ।

शङ्कास्पदरूपमा भेटिएका वडाध्यक्ष र ती महिलालाई नियन्त्रणमा लिइएको प्रहरी प्रमुख प्रहरी नायब उपरीक्षक नारायणप्रसाद अधिकारीले जानकारी दिए । उनीहरु दुवैलाई बिहान ३:०० बजे स्थानीय खोचलेक बजारको एक होटलको कोठाबाट नियन्त्रणमा लिइएको हो । उनीहरु दुवै कोठामा रहेको भन्ने जानकारी वडाध्यक्ष महराकी श्रीमतीले पाएपछि उनले नै प्रहरीलाई खबर गरेका थिए ।

शङ्कास्पद भेटिएका दुवै जनालाई जिल्ला ल्याइन लागिएको प्रहरी नायब उपरीक्षक अधिकारीले बताए । उनले भने- दुवै जनालाई एउटै कोठाबाट नियन्त्रणमा लिएका हौं, जिल्ला ल्याइँदैछ- उनले भने- जिल्ला ल्याइँदैछ थप बुझ्छौं, अहिले नै सबै कुरा भन्न सकिने अवस्था छैन, पार्टीको काम भएकाले सँगै कोठामा बसेको भन्नेछ ।

## जबरजस्ती करणी आरोपमा दुई जना पक्राउ

**सुनसरी, चैत ६।** १६ वर्षीया किशोरीलाई जबरजस्ती करणी गरेको अभियोगमा धरान उपमहानगरपालिका-१५ महादेव चोक बस्ने ६० वर्षीय मेघराज सञ्जेललाई बिहीबार दिउँसो प्रहरीले पक्राउ गरेको छ ।

सञ्जेलले ती बालिकालाई मंगलबार राति जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ इलाका प्रहरी कार्यालय धरानबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

उता १३ वर्षीया बालिकालाई जबरजस्ती करणी गरेको अभियोगमा भक्तपुर चाँगुनारायण नगरपालिका-८ सुडाल बस्ने सिन्धुली घर भएका २० वर्षीय गणेश बोगटीलाई बिहीबारसाँझ प्रहरीले पक्राउ गरेको छ ।

गत फागुन १५ गते ती बालिकालाई बोगटीले जबरजस्ती करणी गरेको भन्ने खबर बिहीबार प्राप्त हुनासाथ महानगरीय वृत्त जगातीबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो ।

यस सम्बन्धमा स्थानीय प्रहरीले थप अनुसन्धान गरिरहेको छ ।

## अजितको मृत्युपछि ५ जना पक्राउ

**झापा, चैत ६।** कुटपिटबाट गम्भीर घाइते भएका खोटाङ हलेसी तुवाचुङ नगरपालिका-५ दुर्छिमका खडक भनिने ३४ वर्षीय अजित राईको मृत्यु भएपछि प्रहरीले स्थानीयवासी पाँच जनालाई नियन्त्रणमा लिएको छ ।

यही चैत २ गते राति स्थानीय बासिन्दाको कुटपिटबाट गम्भीर घाइते भएका राईको उपचारका लागि लैजाने

(बाँकी अन्तिम पृष्ठमा)




## पायल्स तथा फिस्टुलाको उपचार

पायल्स फिस्टुला, दिसाबाट रगत बग्ने, मासु पलाएको, घाउ भएको, बेर्नु झर्ने, पुरानो कब्जियत र दिसाघर चिलाउने जस्ता रोगहरुको विशेषज्ञ सेवा यही **चैत ७ र ८ गते** काठमाडौंबाट आउनुहुने डाक्टरबाट उपचार हुँदैछ । बिरामीले सम्पर्क गरी स्वस्थ हुनुहोस् ।

**ॐ धनवन्तरी आयुर्वेद क्लिनिक**
बाणिज्य बैंक छेउ, बिर्तामोड, झापा (फोन नं. ०२३-५४०५३०, ९८५२६७३१७३)

## Vacancy

A Share Broker company, licensed by Security Exchange Board of Nepal and member of Nepal Stock Exchange Ltd, is looking for a suitable candidate in its Birtamode- Jhapa office.

**1. Officer - Account & General Administration Department**
**Required Qualification:**
a. Atleast Bachelors Degree in Business Administration, Busniness studies/management or related field from a recognized University
b. Experience atleast Minimum 3 years in accounting. Excellent understanding of business accounts is must.
c. Should be able to work in computers.
d. Should have potential to lead the team.
e.Nepali Typing ability will be added advantage.
Interested candidate can apply by sending their application & resume (CV) via email to **recruitmentshspl@gmail.com** or by droping hard copies of documents at our Birtamode office.

*Address of Birtamode office:*
**Shree Hari Securities Pvt Ltd**
**Triveni Complex, Triveni Chowk,**
**Birtamode Jhapa (023-542132 / 023-542454)**
*For any further inquires you may contact at 9851179015 (Piyush)*

## बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर, अष्टाङ्ग आयुर्वेद फार्मेसी

पायल्स, प्यारालाइसिस, हाडजोर्नी साथै अन्य सबै रोगहरुको आयुर्वेदिक औषधि, क्षारसूत्र, कपिङमसाज, पञ्चकर्म, फिजियोथेरापीबाट उपचार हुने पूर्वकै गुणस्तरीय, विश्वासिलो र भरपर्दो उपचार केन्द्र **बिर्ता आयुर्वेद एण्ड फिजियोथेरापी सेन्टर (अस्टाङ्ग आयुर्वेद फार्मेसी, बिर्तामोड, झापा)**

**सम्पर्क : ९८०६०००३१३/०२३-५९०१६६**

## उत्कृष्ट नागरिक छनौट बारेको सूचना

वीरता जेसीज भूतपूर्व अध्यक्ष क्लव बिर्तामोडको अगुवाईमा झापाका संघसंस्थाले झापामा रहेर समाजमा सकारात्मक परिवर्तनका लागि विशेष योगदान पुर्‍याएका मध्ये हरेक वर्ष एक जना व्यक्तित्वलाई सामुहिकरुपमा 'उत्कृष्ट नागरिक सम्मान' प्रदान गरिदै आएको छ । यसै सन्दर्भमा यस वर्ष उत्कष्ट नागरिक छनौटका लागि पत्रकारिता/सञ्चार विधा चयन गरिएको हुँदा उक्त क्षेत्रबाट तपशीलका मापदण्डका आधारमा उत्कृष्ट नागरिक छनौटमा सहयोग पुर्‍याइ दिनुहुन सबैमा जानकारीसहित अनुरोध गर्दछौं । उक्त मापदण्डभित्र रहेर पत्रकारिता/सञ्चार क्षेत्रका उत्कृष्ट व्यक्तित्वबारे यो सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र सिफारिस तथा जानकारी गराइदिनु हुन सम्बन्धित सबैका लागि अनुरोध छ ।

उत्कृष्ट नागरिक सम्मान समारोह २०७७ आगामी २०७८ साल बैशाख ४ गते शनिबार सम्पन्न गर्ने निर्णय भएको समेत जानकारी गराउँदछौं ।

**तपशिलः**
१) प्रेस तथा अभिव्यक्ति स्वतन्त्रताको आन्दोलनमा महत्वपूर्ण भूमिका निर्वाह गरेको
२) नागरिकको सूचनाको हक रक्षाका लागि योगदान गरेको
३) पत्रकारिता/सञ्चारको माध्यमबाट समाजमा सकारात्मक परिवर्तनका लागि योगदान पुग्ने अभियान सञ्चालन गरेको
४) कम्तीमा चार दशकदेखि पत्रकारिता/सञ्चार क्षेत्रमा क्रियाशील रहेको

**सम्पर्क : ०२३-५४०१९९/९८५२६७२७५२/९८५२६८२७४९/ ९८५२६७००९९/ ९८५२६७८१५२/ ९८५२६७३०४२**

**संयोजक**
उत्कृष्ट नागरिक छनौट समिति
**उत्कृष्ट नागरिक सम्मान समारोह २०७७**
वीरता जेसीज भूतपूर्व अध्यक्ष क्लव
बिर्तामोड-१ झापा

# पत्रकार पूर्वेली र न्यौपाने सम्मानित



**बिर्तामोड, चैत ६।** बिर्तामोड उद्योग वाणिज्य संघले झापाका दुई जना पत्रकारलाई सम्मान गरेको छ।

बिर्तामोड उद्योग वाणिज्य संघको सभाहलमा शुक्रबार आयोजित शपथ ग्रहण तथा पद हस्तान्तरण कार्यक्रममा पत्रकारद्वय इन्दू पूर्वेली र सन्तोष न्यौपानेलाई सम्मान गरिएको हो।

पत्रकारिताको माध्यमद्वारा संघको गतिविधिलाई आम नागरिकमा पुर्‍याउन निर्वाह गरेको भूमिकाको उच्च कदर गर्दै उनीहरुलाई सम्मान गरिएको हो।

दुई दशक अघिदेखि पत्रकारितामा क्रियाशिल पत्रकार पूर्वेली जनआन्दोलन साप्ताहिकको सम्पादक, जनआन्दोलन डटकम अनलाइन पोर्टल र कञ्चनजंघा एफएममा कार्यरत रहेकी छिन्। पूर्वेली नेपाल प्रेस युनियन झापाकी अध्यक्ष एवम् नारी सञ्चार गृह झापाकी सल्लाहकार समेत हुन्।

झापाबाट एभिन्यूज टेलिभिजनको सम्बाददाताका रुपमा कार्यरत न्यौपाने डेढदशक यता पत्रकारिता क्षेत्रमा क्रियाशील रहेका छन्। विवेचना दैनिकबाट पत्रकारिता यात्रा शुरु गरेका उनी साझा अनलाइन खवरका सम्पादक हुन्।

बिर्तामोड उद्योग वाणिज्य संघका अध्यक्ष कुमार भट्टराईको अध्यक्षता तथा नेपाल उद्योग वाणिज्य महासंघका वरिष्ठ उपाध्यक्ष चन्द्रप्रसाद ढकालको प्रमुख आतिथ्यमा भएको कार्यक्रममा प्रमुख अतिथि ढकालले उनीहरुलाई जनही नगद ११ हजार रुपैयाँसहित दोसल्ला र सम्मान-पत्र प्रदान गरेका थिए।

# कमलमा 'नमूना युवा संसद'

**उमानाथ भण्डारी**

**कमल, चैत ६।** विहीवार अपरान्ह पौने २ बजे कमल गाउँपालिका वडा नम्वर-५ स्थित कोभिड अस्पतालको सभाहलमा पुग्दा त्यहाँ राष्ट्रपतिले सभामुख, उपसभामुख, प्रधानमन्त्री, मन्त्रीलाई शपथ ग्रहण गराउँदै थिइन्। यो दृश्य हेर्दा लाग्थ्यो कि साँच्चिकै मन्त्रीमण्डल फेरवदल भएछ। राष्ट्रपतिले नयाँ मन्त्री मण्डललाई शपथ ग्रहण गराइ रहेको अनुभूति हुन्थ्यो।

तर, त्यो दृश्य देश हाँक्ने मन्त्रीमण्डलको नभएर कमल गाउँपालिकाको आयोजना तथा कारितास नेपालको साझेदारीमा सञ्चालन भएको नमूना युवा संसद वैठकको अभ्यास थियो। चैत १ गते देखि ५ गतेसम्म सञ्चालन भएको नमूना युवा संसद कार्यशालाको संसद अभ्यास तथा समापन कार्यक्रममा युवा सांसदले गरेको छोटो अभ्यास मात्र थियो।

संसद बैठकको शुरुमा सभामुख (जेनीसा भण्डारी) ले अर्थमन्त्री (दीपेश सञ्जेल) लाई बैठकमा बजेट प्रस्तुत गर्ने समय दिइन्। त्यसपछि गृहमन्त्री (हेमराज वोहोरा) लाई सुरक्षा नीति प्रस्तुत गर्न समय उपलब्ध गराइएको थियो। मन्त्रीहरुले आफ्नो प्रस्तुति गर्दा साँच्चिकै बैठक सञ्चालन भएको अनुभूति भएको थियो।

त्यस लगत्तै सभामुखले शिक्षा युवा तथा खेलकुद मन्त्रीलाई (सिसन राई) शिक्षा नीति प्रस्तुत गर्न समय उपलब्ध गराए। बैठकमा महिला तथा बालबालिका मन्त्री (सरस्वता गौतम)ले आफ्नो मन्त्रालयको तर्फबाट शिक्षा नीति प्रस्तुत गरिन्। त्यसपछि स्वास्थ्य तथा सामाजिक सुरक्षामन्त्री (युना बस्नेत) ले आफ्नो मन्त्रालयको तर्फबाट शिक्षा तथा सामाजिक सुरक्षा नीति प्रस्तुत गरेकी थिइन्।




मन्त्रीहरुले आफ्नो मन्त्रालयकातर्फबाट बजेट, नीति तथा कार्यक्रम प्रस्तुत गरिसकेपछि सांसदलाई तर्कयुक्त प्रश्न, राय, सुझाव राख्नका लागि सभामुखले ३ मिनेटको समय दिइन्। त्यसपछि प्रतिपक्षका सांसदले सरकारबाट प्रस्तुत बजेट, नीति तथा कार्यक्रममा सुझाव दिएका थिए। अन्तिममा प्रतिपक्ष दलका नेता (आदर्श सिग्देल)ले सरकारद्वारा प्रस्तुत कार्यक्रममाथि सुझावसहित आफ्नो भनाइ राखे। त्यसपछि प्रधानमन्त्री (दिवश न्यौपाने) ले सरकारकातर्फबाट प्रस्तुत गरिएको बजेट, नीति तथा कार्यक्रमको बारेमा आफ्नो भनाइ राखेपछि बहुमतले सरकार द्वारा प्रस्तुत बजेट नीति तथा कार्यक्रम पारित भएको सभामुखले जानकारी गराइन्।

संसद बैठक सकिना साथ औपचारिक कार्यक्रम शुरु भएको थियो। औपचारिक कार्यक्रममा बोल्दै १ नम्वर प्रदेशका सांसद अर्जुन राईले भने- तपाइँहरुको प्रस्तुति अत्यन्तै सुन्दर छ। तपाइँहरुको मेहनतले नै आज यस्तो सुन्दर प्रस्तुति दिन सफल हुनुभएको छ। हाम्रो पालामा यस्तो थिएन शुरुदेखि नै यस्तो संसदीय अभ्यास हुने हो भने अहिलेको यो अवस्था आउने थिएन। तपाइँहरु नेता मात्र नभएर समाज परिवर्तनका लागि उदाहरण बन्न सक्नुहोस्, तपाईंहरुलाई शुभकामना छ।

राज्य सञ्चालनको प्रक्रिया, व्यवस्थापकीय भूमिका कस्तो हुन्छ, त्यसलाई कसरी अगाडि बढाउन सकिन्छ, राम्रा र नराम्रा पक्ष के हुन्? त्यो बुझ्न सकेमात्र भोलि राज्यलाई समृद्ध बनाउन सकिन्छ र जनता खुशी हुन्छन्। यसमा युवाहरुको भूमिका महत्वपूर्ण हुने भएकोले यो कार्यक्रम आयोजना गरिएको कारितास नेपाल दमक शाखाका प्रमुख देवेन्द्र पोखरेलले बताए।

यस्ता कार्यक्रमले समाज रुपान्तरणमा सहयोग पुग्छ। भोलि कमल गाउँपालिका हाँक्ने जिम्मेवारी तपाईहरुको हो। कार्यक्रम हेर्दा लाग्थ्यो कि तपाईहरु साँच्चिकै सरकारको नेतृत्व र सरकार चलाई राख्नु भएको छ। विभिन्न विषयमा जानकारी लिनुभएको छ र प्रतिपक्षले पनि आफूले निर्वाह गर्नुपर्ने भूमिका विषयगत रुपमा उठान गर्नु भएको छ। यो अत्यन्तै राम्रो काम हो- कमल गाउँपालिका अध्यक्ष मेनुका काफ्लेले भनिन्। नमूना युवा संसद वैठकको अभ्यासमा कमल गाउँपालिकाका सातवटै वडाबाट ३७ जना युवा सहभागी थिए।

## प्रहरी कार्यालयमै दलाल ! प्रलोभन देखाउने गणेश पक्राउ

**झापा चैत ६।** प्रहरी कार्यालयमा आउने सेवाग्राहीलाई समस्या मिलाइदिन्छु भनी प्रलोभनमा पारेको अभियोगमा काठमाडौं गौशला बस्ने झापा गाउँपालिका-४ घर भएका २६ वर्षीय तार्जनकुमार गणेशलाई प्रहरीले पक्राउ गरेको छ।

काठमाडौं महानगरपालिका-१३ स्थित महानगरीय प्रहरी वृत्त कालिमाटीको कार्यालय तथा आसपासमा सेवाग्राहीको रुपमा आउने सर्वसाधारण नागरिकलाई विगत केही दिनदेखि तपाईको समस्या मिलाईदिन्छु भनी प्रलोभन दिने गरेको भन्ने सूचनाको आधारमा प्रहरीले निगरानी गर्ने क्रममा सुन चोरीसँग सम्बन्धित घटनाका पीडित काभ्रे नमोबुद्ध नगरपालिका-८ घर भएका एक पुरुषलाई यो मुद्दा म मिलाई दिन सक्ने भन्दै प्रलोभनमा पारिरहेको अवस्थामा फेला पारी उनलाई प्रहरीले पक्राउ गरेको हो।

## एटिएम मेसिन फुटाउँदै गरेको अवस्थामा पक्राउ

**काठमाडौं, चैत ६।** काठमाडौं महानगरपालिका-२६ कान्तिपथस्थित ग्लोबल आइएमई बैंकको एटीएम मेसिन फुटाएको अभियोगमा काठमाडौं ठमेल बस्ने भारत गोरखपुर घर भएका २२ वर्षीय दिलसाद आलमलाई प्रहरीले पक्राउ गरेको छ।

उनले शुक्रबार बिहान साढे २ बजेको समयमा उक्त मेसिन फुटाउँदै गरेको अवस्थामा महानगरीय प्रहरी वृत्त दरबारमार्गबाट खटिएको प्रहरीले फेला पारी उनलाई पक्राउ गरेको हो। यस सम्बन्धमा प्रहरीले थप अनुसन्धान गरिरहेको छ।

## कोरोनाको ...

विषयमा दुई मत रहेन। तर, अहिलेसम्मको अवस्था भने स्थिर देखिन्छ- उनले भने।

**महामारी नियन्त्रणका लागि नेपाल–भारत सीमा क्षेत्रमा के छ तयारी ?**

केही दिनदेखि सीमा-नाका लक्षित योजना बनाइरहेका अधिकारीहरूले अब सीमा क्षेत्रमा लक्षण देखिएकाहरूलाई परीक्षण गरेर मात्रै देशभित्र आउन दिइने तयारी रहेको बताएका छन्।

इपिडियोमोलोजी तथा रोग नियन्त्रण महाशाखाका निर्देशक डा. कृष्णप्रसाद पौडेलले बीबीसीसँग भने- भारतका कुनै शहरमा रात्रिकालीन कर्फ्यू र नागपुरजस्तो शहरमा लकडाउन नै कार्यान्वयन हुँदा कामको सिलसिलामा रहेका नेपालीहरू बस्न गाह्रो भएर नेपाल फर्कर आउनुहुन्छ कि भन्ने हिसाबले हामी सचेत छौँ।

त्यहाँ जति कडाइ गरिँदै जान्छ नेपाल फर्केर आउने क्रम बढ्न सक्छ। त्यसैले हाम्रो पहिलो काम प्रवेशबिन्दुहरूमा रहेका हेल्थ डेस्कहरूलाई थप सचेत बनाउने र जिम्मेवारी थप्न लागेका छौँ। खासगरी लक्षणसहितका बिरामीहरू आएको खण्डमा उनीहरूको एन्टिजन परीक्षण गर्ने र उनीहरू प्रवेश गरेपछि विदेशबाट नेपाल आएकाहरूले पालना गर्नुपर्ने क्वारेन्टिनका नियमहरू कडा रूपमा पालना गराउन स्थानीय निकाय र सम्बन्धित पालिकाहरूको सहयोग लिने नीति आफूहरूले लिन लागेको उनले जानकारी दिए।

अधिकारीहरूका अनुसार नेपालमा रक्सौल, जोगबनीजस्ता नाका हुँदै धेरैजसो मालसामान आयात गर्ने गरिन्छ। कञ्चनपुरको गड्डाचौकी र गौरीफन्टा, रूपेडिया, जमुनाहा, कृष्णनगर र काँकरभिट्टाजस्ता नाकाबाट धेरै मानिस आउने हुँदा हेल्थ डेस्क राखिएको अधिकारीहरू बताउँछन्। 'त्यहाँ लक्षण भएका वा कोभिडको लक्षण भएको बिरामीसँग मेरो सम्पर्क थियो भन्ने सूचना दिए त्यहीँनै एन्टिजन परीक्षण गर्ने गरी तयारी गरेका छौँ। त्यसो गर्दा हामीले बैलैमा पत्ता लगाउन सक्छौँ भन्ने हाम्रो अपेक्षा हो'- पौडेलले भने।

**के फेरि क्वारेन्टिनमा बस्नुपर्छ ?**

भारतमा कोरोनाभाइरसको नयाँ प्रकार देखा परेको पुष्टि भइनसकेको भारतीय अधिकारीहरूको दाबी छ।

नयाँ प्रकारको कोरोनाभाइरस पुष्टि भएको अवस्थामा भने नेपाल प्रवेश गर्न चाहने व्यक्तिले १० दिन नै क्वारन्टीन बस्नुपर्ने हुन सक्ने नेपाली पक्षको धारणा छ। त्यसबाहेक होम क्वारन्टीनको नियम पनि कडाइका साथ लागु गर्ने तयारी गरिने बताइएको छ। व्यवस्थित क्वारन्टीन निर्माण केन्द्रदेखि स्थानीय तहको जिम्मेवारी रहेको पौडेल बताउँछन्।

**यातायात सेवा कहिले शुरु होला?**

पछिल्ला सरकारी बैठकहरूमा नेपाल-भारतबीच यातायात खुला गर्ने विषयमा पनि छलफल भइरहेको छ।

तर, स्वास्थ्य मन्त्रालयले भने विगतमा भारतमा कोरोनाभाइरस सङ्क्रमितहरूको संख्या बढेको दुईदेखि तीन हप्तापछि नेपालमा बढेको देखिएको वा नेपालीहरू स्वदेश फर्किने क्रम बढ्ने देखिएको हुँदा तत्काल त्यस्तो निर्णय गर्ने पक्षमा छैनन्।

रतमा कोरोनाभाइरसको सङ्क्रमण स्थिति र त्यसको नेपालमा पर्न सक्ने असरबारे बिहीवारको कोभिड-१९ सङ्कट व्यवस्थापन केन्द्र (सीसीएमसी)को बैठकमा पनि जानकारी गराइएको अधिकारीहरू बताउँछन्।

एकतर्फ यातायात सेवा सञ्चालनमा ल्याउनुपर्ने दबाव अर्कोतर्फ कोरोनाभाइरस सङ्क्रमण फैलिन सक्ने सम्भावनाबीच हाल हवाईमार्ग प्रयोग गर्दा आवश्यक पर्ने जस्तै पीसीआर परीक्षणको रिपोर्ट लिएर आउनेहरूलाई सवारीसाधन चढेर नेपाल आउने व्यवस्था गर्न सकिन्छ कि भन्ने विषयमा पनि छलफल भएको बताइएको छ।

तर सरकारले यसबारे कुनै निर्णय गरेको छैन। भारतमा कोभिडको जोखिम बढेको विषयबारे नेपालीलाई थाहा छ? बाँकेको जमुनाहा नाका भएर भारतबाट फर्किने र भारत जाने नेपालीहरूले भारतमा फेरि कोरोनाभाइरस फैलिरहेको हल्ला सुनेको हुँदा यात्रा गर्दा, भिडभाडमा जाँदा स्यानिटाइजर र मास्क निरन्तर प्रयोग गरिरहेको बताउँछन्।

भारतको दिल्लीबाट फर्किँदै गरेकी बाँसगढी बर्दियाकी अमृता विकले लकडाउनको अवधिमा डेढ वर्ष दिल्लीमै बसेको र हाल घरपरिवारलाई भेट्न नेपाल फर्किएको बताइन्। टेलिभिजनमा समाचार हेरेर फेरि कोरोनाभाइरस फैलिरहेको सुनेकी छु, घरमै काम गरिरहेकोले सुरक्षित छु भन्ने ढुक्क छु- उनले भनिन्।

पीसीआर जाँच गराएरै आएकी छु, अब फेरि जाँच गराउँदिनँ। भारत शिमलाको जुवल क्षेत्रमा स्याउको बगैँचामा काम गर्दै आएका बाँके राप्तीसोनरी, विनौनाका आकाश थारूले यसबारे आफूलाई जानकारी नभएको बताए। एक हप्ताअगाडि ऐलानी जग्गामा बसेकाहरूको लगत सङ्कलन गरिरहेको जानकारी पाएर घर आएका उनले फेरि भारत जान लागेको बताए।

सोह्र वर्षदेखि परिवारसहित भारतमै बस्दै आएको बताउने उनले कोरोनाभाइरस फेरि फैलिरहेको जानकारी नपाए पनि पहिलेको जस्तै सतर्कता अपनाइरहेको बताए।

**पीसीआर रिपोर्टको व्यवस्था कति व्यवहारिक?**

भारतीय राज्य बिहारस्थित रक्सौलका एक स्थानीयवासी भोला महत पीसीआर जाँच गराएर मात्रै आवतजावत गर्न पाइने व्यवस्था गरिए झन्झटिलो हुने बताउँछन्। अहिले पहिलेको जस्तो सिधा आवतजावत गर्न नमिल्ने नै हो। तर पनि आवतजावत गर्ने प्रक्रिया झञ्झटिलो नबनाइयोस्।

बरु सीमा नाकामा मास्क लगाएको नलगाएको, स्यानिटाइजरको प्रयोग, सामाजिक दूरी लगायत थर्मोमिटरको प्रयोग गरी छिटो छरितो रूपमा नेपाल प्रवेश गराउने प्रक्रिया अपनाउँदा हुन्छ-उनले भने। नेपालतर्फ काम परेरै आउँछौँ। पीसीआरको प्रक्रियामा लाग्दा त काममा ढिलो हुन सक्ने, समयमा नहुने सम्भावना हुन्छ, समस्या हुन्छ- उनले भने। खवीरगन्ज राजीघाटका सीताराम प्रसाद सीमा नाकामा लापरवाही भइरहेको बताउँछन्। रिक्सा, अटो, टेम्पोजस्ता सार्वजनिक सवारीसाधन केहीमा पनि सावधानी अपनाएको नदेखिएको उनी बताउँछन्।

म भारततर्फ जाँदा आफ्नो सुरक्षाका लागि मास्क लगाउने, दूरी कायम गर्ने गरेको छु। तर प्रायः अरूले त्यस्तो गरेको देख्दिनँ, स्थानीय निकायले पनि ध्यान दिनुपर्‍यो। जाँच गर्नुपर्‍यो, दुवैतर्फ आउजाउ गर्नेमाथि सावधानी अपनाएको नअपनाएको प्रति कडाइ गर्नुपर्‍यो- उनले भने।

**अरू के गर्नुपर्छ ?**

नाकामा व्यवस्थित क्वारेन्टिन निर्माण गरिनुपर्ने र विगतका अनुभवबाट पाठ लिएर समयमै तयारी अवस्थामा बस्नुपर्ने सर्वसाधारणहरू बताउँछन्। नेपाल सरकारले छिटोभन्दा छिटो सबैलाई कोरोनाभाइरसको खोप व्यवस्था गर्नुपर्ने विकको भनाइ छ।

गत वर्ष भारतमा कोरोनाभाइरस महामारी व्यापक रूपमा फैलिएका बेला विभिन्न नाका हुँदै नेपाल फर्किन चाहने सर्वसाधारणहरूले सास्ती खेप्नुपरेको विवरणहरू सार्वजनिक भएका थिए। सरकारी अधिकारीहरूले समेत बेलैमा तयारी नथाले भोलिका दिनमा विगतमा जस्तै असहज परिस्थिति उत्पन्न हुन सक्ने विषयबारे आफूहरू सचेत रहेको र त्यसै अनुरूप हाल छलफलमा जुटेको बताएका छन्।

## महिलालाई ...

गाउँपालिका- ६ बस्ने २२ वर्षका जीवन भन्ने भीमबहादुर बुढाथोकी रहेका प्रहरीको केन्द्रीय अनुसन्धान ब्यूरो (सीआइवी) ले जनाएको छ।

काम गर्ने क्रममा स्काभेटरले ठक्कर दिएपछि नजिकै रहेको खाल्डोमा पुरेर भागेका उनलाई कञ्चनपुरथित नेपालभारतको सीमा क्षेत्र गड्डाचौकीबाट पक्राउ गरिएको सिआइवीका निर्देशक प्रहरी नायब महानिरीक्षक सहकुलबहादुर थापाले बताए। शुक्रवार काठमाडौँमा पत्रकार सम्मेलन गरी उनलाई सार्वजनिक गरिएको छ। गएको फागुन १७ गते सडक मर्मत गर्ने क्रममा सोही ठाउँ बस्ने वर्ष ४०की सरस्वती कुमाललाई ठक्कर दिएपछि जिउँदै खाल्डोमा हालेर पुरिएको थियो।

स्काभेटरको सहयोगमा प्रहरी र स्थानीयले खाल्डोबाट उनको शव निकालेका थिए। आक्रोशित स्थानीयले सोही बेला स्काभेटर समेत जलाएका थिए। उक्त घटनापछि बुढाथोकी फरार थिए। उक्त घटनाको श्रव्यदृश्य समाजिक सञ्जालमा भाइरल बनेको थियो। भागेर भारत गएकाले तत्कालै पक्राउ गर्न सकिएको थिएन। उनी एकपटक नेपालगञ्ज आएको बेलामा पिछा गरेपनि प्रहरीको हातबाट फुत्किएको थापाले बताए। त्यसपछि भागेर भारत जाने क्रममा कञ्चनुपुरस्थित सीमा क्षेत्रबाट पक्राउ गरिएको थापाले बताए।

## अजितको ...

क्रममा यही चैत ३ गते मृत्यु भएपछि प्रहरीले चार महिला र एक पुरुष नियन्त्रणमा लिएको हो।

रातिघरमा सुतिरहेकी ३४ वर्षीया एक महिलाको कोठामा प्रवेश गरेर अभद्र व्यवहार गर्न खोजेको भन्दै राईमाथि कुटपिट भएको प्रारम्भिक जानकारी आएको जिल्ला प्रहरी कार्यालयका प्रवक्ता प्रहरी निरीक्षक गोविन्द साहले बताए। पक्राउ परेका व्यक्तिलाई हिरासतमा राखेर अनुसन्धान शुरु गरिएको र उनीहरुको बयानपछि मात्र घटनाका बारेमा वास्तविकता बाहिर आउने प्रहरीले जनाएको छ।


## ताप्लेजुङ-पाथीभरा सफल यात्रा

बिर्तामोडबाट ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बू, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।



ताप्लेजुङ पाथीभरा काउन्टर
मो. ९८०३२५०४७२/९८०१३६४०९३

## कर्मचारी आवश्यकता

यस नरबहादुर कर्माचार्य स्मृति प्रतिष्ठानलाई एक जना कम्प्युटर प्रशिक्षक चाहिएको हुनाले इच्छुक व्यक्तिहरुले निवेदन पेश गर्न आवश्यक यो सूचना प्रकाशन गरिएको छ।

**पद : प्रशिक्षक** **करार अवधि : हाल लाई २ महिना**
**संख्या : एक जना** **शैक्षिक योग्यता :**
१) CTEVT बाट कम्प्युटर विषयमा लेभल २ उत्तीर्ण/TSLC उत्तीर्ण/डिप्लोमा तह उत्तीर्ण वा २) CTEVT बाट IT बिषयमा प्रमाणपत्र तह उत्तीर्ण
**तलब :** आपसी समझदारीमा
**निवेदन दिने मितिः** २०७७/१२/०७ देखि २०७७/१२/०९ गते दिउँसो ४:०० बजेसम्म।
**अन्तरबार्ता मिति :** २०७७/१२/१० गते बिहान ७:०० बजे बाट।
**आवश्यक कागजातहरु :** निबेदन, बायोडाटा, नेपाली नागरीकताको प्रतिलिपि, शैक्षिक प्रमाणपत्रको प्रतिलिपि
**स्थान :** बिर्तामोड-४, झापा, पुरानो भद्रपूर रोड, आदर्श पार्टी प्यालेस छेउ।
**थप जानकारी (आवश्यक परे) :**
०२३-५९०८२३, ९८४२६२५३८१, ९८०५३०००४६

## विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको सूचना

यस नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र अन्तर्गतका तपशिल बमोजिमका स्थानमा तपशिल बमोजिमको समय विद्युत् आपूर्ति अवरुद्ध हुने बारेको व्यहोरा जानकारीको लागि अनुरोध छ। साथै यसबाट ग्राहक महानुभावहरुमा पर्न जाने असुविधाप्रति नेपाल विद्युत् प्राधिकरण अनारमनी वितरण केन्द्र क्षमा प्रार्थी छ।

| मिति | फिडरको नाम | स्थान | समय | कारण | कैफियत |
|---|---|---|---|---|---|
| २०७७।१२।०७ | ३३ र ११ केभीए फिडर आलोपालो गरी | यस अनारमनी वितरण केन्द्रको सम्पूर्ण सेवाहरु | बिहान ११:०० बजेदेखि बेलुका २:०० बजेसम्म | दुहवी ग्रिड शाखाको पत्र संख्या २०७७/०७८ (प्र.)च.न. ५०६ को पत्र बमोजिम यस अनारमनी वितरण केन्द्रको १३२ केभी शवस्टेशन ट्रान्फर्मर मर्मत समभार कार्य गर्नुपर्ने भएकोले। | उल्लेखित समय भन्दा १ घण्टा अघि वा पछि हुन सक्नेछ। |

नेपाल विद्युत् प्राधिकरण
**अनारमनी वितरण केन्द्र**

## बिर्ता (सेफ्टी तथा ढल सफाई)

बिर्तामोड, झापा

(पहाडी क्षेत्रमा पनि यो सेवा उपलब्ध छ !!

पूर्वाञ्चलमै सबैभन्दा ठूलो भ्याकुम सिस्टमबाट सफाइ गरिन्छ।



भूपाल बुढाथोकी
023-545402
9825952677
9825952680

सेफ्टी तथा ढल सफाई गर्नु परेमा हामीलाई सम्झनुहोस्।

## शिलबन्दी बोलपत्र आव्हान सम्बन्धी सात दिने सूचना

यस पूर्वनेपाल बहुउद्देश्यीय सहकारी संस्था लि. प्रधान कार्यालय कमल-२, तोपगाछी झापामा अवस्थित भवन र गौरीगञ्ज-३मा अवस्थित रहेको भवनको दोस्रो तल्लामा कुल ३,१०० व.मि. भुई भएको भवनमा टायल, सिलिङ जिप्सन, ट्रष्ट, प्लम्बिङ, पार्टेसन, वरिपरि इट्टाको पर्खाल र ग्लास ग्लेजिङ निर्माण गर्नुपर्ने भएकोले शिलबन्दी बोलपत्र पेश गर्न इच्छुक फर्महरु सबैमा जानकारीको लागी यो सूचना प्रकाशन गरिएको छ। उल्लेखित सूचना बमोजिमको बोलपत्र फारम यस संस्थाको प्रधान कार्यालय कमल-२, तोपगाछी झापामा दस्तुर (फिर्ता नहुने गरी) तिरी खरिद गर्न र तपशिलमा उल्लेखित कागजातसहित मिति २०७७/१२/१३ भित्र बुझाउन जानकारी गराइन्छ।
**कार्यालय सर्म्पक नं.: ०२३-४७५१३९**
**तपशिल**
१) फर्म सञ्चालकको नागरिकताको प्रतिलिपि २) फर्म दर्ता प्रमाण-पत्रको प्रतिलिपि
३) कर चुक्ताको प्रतिलिपि ४) दस्तुर शुल्क : रु.१,०००।-

## श्री धुलावारी खानेपानी उपभोक्ता समिति
मेचीनगर-९, धुलावारी, झापाको

## साधारणसभामा उपस्थित हुन बारेको सूचना

यस समितिको २०औं बार्षिक साधारणसभा तपशिल बमोजिमको कार्यक्रमसहित निम्न मिति, समय र स्थानमा सम्पन्न हुने भएको हुँदा उक्त अवसरमा अनिवार्य उपस्थितिको निम्ति सविनय अनुरोध गर्दछौं।
**कार्यक्रम**
**समुद्घाटन समारोह**
मितिः २०७७ चैत ९ गते सोमवार समयः विहान १०:३० बजेदेखि
स्थानः पासाङ ल्हामू स्मृति जेसीज प्रतिष्ठान, धुलावारी (टाउन हल), झापा

## पाथीभरा सिने प्लाजा बिर्तामोड अब खुल्ला

हिन्दी चलचित्र : MUMBAI SAGA
पहिलो शो ११:४५।
दोस्रो शो २:४५।
तेस्रो शो ६:३०।
बुकिङ्ग गरेको टिकट एक घण्टापछि स्वतः क्यान्सिल हुनेछ।
(फोन नं. ०२३-५४६४३६)





श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरूप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ उपसम्पादक : तुलसीप्रसाद निरौला ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१)
■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा ■ बजार प्रतिनिधि: गोपाल अधिकारी-९८४२६९६११२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail.com

## कविता

# म भित्रको कवि


दिलिपकुमार श्रेष्ठ

यो धरतीको चौडा छातीलाई
कहिल्यै नच्यातिने कागज सम्झी
दुई-चार पंक्ति कविता लेख
भन्छ म भित्रको कवि
हो ! म भित्रको कवि

तँ भित्रभित्रै युगौंदेखिको
बेअर्थको भाव खट्केको शब्दहरू
ओकलेर स्वात्तै पोखी दे
भन्छ म भित्रको कवि
हो ! म भित्रको कवि

थियो पनि भावनाका आवेगहरू
शब्दहरूलाई वाक्य बनाउने कला पनि
छताछुल्ल असरल्ल छरी दे
भन्छ म भित्रको कवि
हो ! म भित्रको कवि

आजीवन सुख-दु:खसँग खेलेका
महान कविहरू जस्तै तैले पनि कोरी दे
साहित्यको आगनी कोर है
भन्छ म भित्रको कवि
हो ! म भित्रको कवि ।

***इलाम- ७, इलाम***
***(आदरणीय काका कवि स्व. विष्णु नवीनको सम्झनामा)***

# औकात हराएको म

गरीब म, मलाई माया गर्ने हक छैन
गरीब म, माया गर्दा मेरो औकात मिल्दैन
याद गर प्रिय आज तिमीसँग न मिल्ने औकात
भोलि तिम्रो म सँग पनि नमिल्न सक्छ

मेरो औकत हिरा-मोती-सुन दिने हैन
भोको पेट नाङ्गो शरीर हुन दिने छैन
झुटो आशमा माया गाँस्दिन म
खुशी बनाउन नसकेनी रून दिने छैन

मायाको नाममा आजकाल शरीर बेचिन्छ
साँचो माया गर्दा पहिला औकात सोधिन्छ
मनको चक्करमा आफ्नो औकात भुलेछु
माफ गर प्रिय, औकात मिल्दैन म गरीब परेछु ।

**- सन्तोष अधिकारी**
**हल्दिबारी- १, गोलधाप**

## कृति समीक्षा/कविता संग्रह

# 'देश र आमा' नियाल्दा


भुवन तामाङ

नेपाली साहित्य भण्डारमा एउटा अर्को सुन्दर काव्य कृति थपिएको छ । त्यो कृति हो साहित्यकार 'भगवती ढुङ्गेल'को कविता संग्रह 'देश र आमा' । यस कृतिमा 'आमा', 'मेरो देश', 'छोरी', 'शहर', 'निमन्त्रणा' शीर्षकका कवितासँगै ३९ वटा छोटा-छोटा कविताहरु प्रकाशित छन् । त्यसैगरी ताजपुरिया भाषामा दुईवटा कविता, १० वटा गीत र अन्त्यमा मुक्तक प्रकाशित भएका छन् ।

संग्रहभित्रको 'मेरो देश' कविताको केही पंक्ति पढौं :

*'संसारमा जहाँ गए नि गर्व लाग्ने,*
*कति सुन्दर छ है मेरो देश,*
*भेषभुषा जातजाति संस्कृतिले,*
*सजिएको प्यारो मेरो देश ।'*

देशभक्तिले भरिएको कविताको यी लाइनबाटै आंकलन गर्न सकिन्छ कि स्रष्टा ढुंगेलका रचनाहरु कति गहन र स्तरीय छन् ? अनि कृतिमा ताजपुरिया भाषामा दुई कविता समेटिएबाट ढुंगेल विभिन्न स्थानीय भाषाको अध्ययेता भएको प्रमाणित हुन्छ । कृतिभित्रका रचनाहरु काव्यिक गुण, लयात्मकता, सुरिलो ध्वनियुक्त र माधुर्यताले सजिएका रसिला र मीठासपूर्ण छन् । कविता संग्रहका रचनाहरुबारे अग्रज साहित्यकारहरुका उद्गारहरु प्रकाशित छन् ।

'कविता, कविको विभिन्न घटना, अनुभव र अध्ययनबाट सिर्जित ज्ञानको लयात्मक प्रस्तुति वा अभिव्यक्ति हो । सर्जक ढुंगेलका कविताहरुमा देश र जन्मभूमिप्रति मोह, राष्ट्रभक्तिको भावना, जीवनवादी दृष्टिकोण, ईश्वरप्रतिको आस्था, महिला हिंसा र उत्पीडनप्रति संवेदनशीलता, प्रेमिल भाव र प्राकृतिक सौन्दर्यको सुमधुर चित्रण रहेको पाइन्छ । पृथ्वीनारायण शाहको वीरताको इतिहासदेखि वर्तमान समयमा विश्वलाई आक्रान्त पार्ने कोरोना भाइरससम्मको विषयवस्तुहरु यस संग्रहमा समेटिएका छन् ।

विभिन्न भावभूमिमा रचना गरिएका कविताहरु प्रायः गद्यात्मक शैलीमा रचना गरिएको पाइन्छ । यस संग्रहभित्र रहेका दश वटा गीतहरुमा प्रेमिल भाव, जीवन निस्सारताको भावना र नारीको वेदनालाई समेटिएको पाइन्छ । संग्रहका अन्तिमका मुक्तकहरुले प्रेम वियोग र संयोगको भावनालाई बडो राम्ररी प्रस्तुत गरेका छन् । नेपाली आख्यान विधामा आफ्नो पदचिन्ह छाडिसकेकी उपन्यासकार भगवती ढुंगेलले नेपाली काव्य विधामा पनि पाइला उचाल्नु नेपाली र झापाली काव्य क्षेत्रका सर्जक र अध्येताहरुका लागि गौरवको कुरा हो । साहित्यकार 'विनोद खनाल'का यी उद्गारबाटै पनि स्रष्टा ढुंगेलका सिर्जनाहरु गहन रहेका जान्न सकिन्छ ।

'कवि, गीतकार, उपन्यासकार तथा कलाकार भगवती ढुंगेलको देश र आमा कविता संग्रहको पाण्डुलिपी पढिसक्दा यस्तो लाग्यो, देशभक्ति, मातृभक्ति अनि प्रेमका थुँगाहरु उनेर बनाइएको फूलको माला जुन भाइटीकाको दीन चेलीबेटीले माइतीलाई लगाई दिन्छिन् । त्यस्तै यो बडो मेहनत गरेर उनेको माला सबै पाठकवृन्दका हातहातमा राखी बाँधिदिएर लेखकले ठूलो गुन लगाए जस्तो मलाई लाग्छ । यस संग्रहको नामले नै सम्पूर्ण नेपाल आमाका सन्तानहरुको मन छुन्छ र अन्तरआत्मासम्म देशप्रेमको भाव जागृत गराउँछ । नाकले मुरली बजाउने लोककलाकार तथा लोक साहित्यकार मातृकाप्रसाद संग्रौलाका यी शब्दहरुबाट थाहा हुन्छ कि, स्रष्टा ढुंगेलका रचनाहरुले जीवनजगतका रहस्यहरु र विविध पक्षहरु उजागर गर्दछन् ।

देश र आमा कृतिबारे प्राज्ञ शुभद्रा भट्टराईका विचार निकै मननीय छन्- एउटी महिलाले आफ्ना हजारौं जिम्मेवारीहरुबाट अनुभूति गरेका भावहरु, भोगाइका प्रवृत्तिहरुलाई भाषा, विम्व, प्रतिकको माध्यमबाट आफू बाँचेको परिवेश, समाज, गाउँठाउँ, प्रकृति, राष्ट्र र प्रवृत्तिको अध्ययनबाट कलात्मक रुपले आफ्ना मनोभावनाहरु अभिव्यक्त गर्नुभएको छ । एउटी महिलाले समाजका हरेक परिवेश, कर्तव्य, परिवन्ध र परिस्थितिलाई एकापट्टि पन्छाएर पुस्तक प्रकाशन गर्नु भनेको नौ महिना गर्भमा बोकेर सन्तान जन्माउनुभन्दा कम कठिन छैन । त्यसकारण कवि भगवतीले काव्य विधामा कलम चलाउने जुन पहिलो प्रयास गर्नुभएको छ, यो अत्यन्तै सराहनीय विषय छ । बहिनी भगवती ढुंगेल विभिन्न सामाजिक संघ-संस्थामा रही सामाजिक कार्यमा लागेर आफूले अनुभूति गरेका कुराहरुलाई जस्ताको तस्तै उतार्ने कोशिश गर्नुभएको छ । उहाँ अत्यन्तै ऊर्जाशील बनिरहनुहोस् ।

कुनै पनि विधामा साहित्य सिर्जना गर्नु नै कठिन कार्य हो । उपन्यास, गीत र कवितामा समेत यसरी कमल चलाउनु नेपाली साहित्यकाशमा ठूलो योगदान गर्नु हो । स्रष्टा ढुंगेलबाट बिराट योगदान भएको छ । प्राज्ञ भट्टराईको विचारमा यीनै भावहरु पाइन्छन् । अग्रज साहित्यकारहरुका विचारहरु जस्तै विशेषताका छन् स्रष्टा ढुंगेलका सम्पूर्ण रचनाहरु ।




स्रष्टा ढुंगेल स्वयम्को भनाई चाहिँ के छ त ? मानव जीवन सबैभन्दा महत्वपूर्ण जीवन हो । यही जीवनयात्रासँग जोडिएका अनेकौं किसिमका कथा व्यथा र भोगाइहरु नै सुन्दर साहित्यको मीठो अध्याय हो । जुन गाउँ समाज हुँदै राष्ट्रको परिवर्तनका लागि प्रस्तुत गरिने कलात्मक शैलीको प्रस्तुति नै कथा, कविता, गीत बन्न पुगेको पाइन्छ । प्रत्येक मान्छेमा आ-आफ्नै प्रकारका कलात्मक विषयहरु धेरै, थोरै रहेकै हुन्छन् । कोही लेखेर प्रस्तुत गर्दछन् भने कोही बोलेर । त्यस्तै कोही चित्र कोरेर आफ्नो कला प्रस्तुत गर्दछन् । प्रस्तुति जुन अवस्थामा गरिए तापनि ती कलाकै रुपमा प्रस्तुत भएका हुन्छन् । त्यसैगरी म भगवती ढुंगेललाई साहित्य जगत्ले एक खुल्ला आकाश प्रदान गरेर एक स्वतन्त्र पन्छी झैं चौतर्फी उडान गर्ने अवसर प्रदान गरेको मान्दछु, जस्तैः म उपन्यासमा बगेँ, कहिले गीतमा गुञ्जीएँ, कहिले कवितामा रमाएँ ।' स्रष्टा ढुंगेलको भनाई जस्तै रचनाहरु पनि कलाले सजिएका पाइन्छन् ।

बुबा टंकनाथ ढुंगेल, आमा खुमादेवी ढुंगेलका सुपुत्री ओखलढुङ्गा नर्मदेश्वरमा जन्मि हाल बिर्तामोड नगरपालिका वडा नं. १ निवासी भगवती ढुंगेलका यस अघि प्रकाशित कृतिहरु 'आधा सत्य' उपन्यास र 'प्रेमिल' उपन्यास रहेका छन् भने 'प्रेमकुण्ड' उपन्यास प्रकाशोन्मुख रहेको छ । स्रष्टा ढुंगेल एक कुशल गीतकार पनि हुन् । 'नपिउँ त पिउँ लाग्छ', 'मशुशाला बन्यो', 'मेरो हृदय' र 'हाँसु कसरी' बोलका गीतहरु रेकर्ड भएका छन् । थुप्रै पुरस्कार र सम्मानहरुबाट पुरस्कृत र सम्मानित कृतिकार ढुंगेल इजरायल, साइप्रस, इजिष्ट, ओमन, कतार र भारत लगायतका देशहरु भ्रमण गरि अनुभवहरु बटुलेकी छन् ।

नेपाल प्रज्ञा प्रतिष्ठान (तत्कालीन नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान)द्वारा प्रकाशित 'नेपाली बृहत शब्दकोष २०५५' अनुसार कविता भनेको, 'कविद्वारा आफ्ना संवेद्य, अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनिएको साहित्यिक कृति वा रचना, काव्य ।' गीत भनेको, 'विशेषत: गाउनका निम्ति रचिएको लयात्मक तथा सुललित रचना, गाना, गान ।' यी सबै परिभाषाले परिपूर्ण छन् उपन्यासकार, गीतकार तथा काव्यकार भगवती ढुंगेलका नयाँ कृति 'देश र आमा' ।

पुरु लम्सालको आवरण चित्रकला रहेको वि.सं. २०७७ साउनमा जनक खड्काद्वारा प्रकाशित प्रस्तुत 'देश र आमा' कृतिभित्र जीवनका विविध पक्षबारे लेखिएका र देशभक्तिले भरिएका कविताहरु रहेका छन् । त्यस्तै गरी प्रेम र जिन्दगीका गीतहरु रहेका छन् । बौद्धिकता समेत भरिएका सिर्जनाहरु तथा रचनाहरुले पाठकवर्गमा नयाँ सन्देश र चेतना प्रवाह गर्नुका साथै नेपाली साहित्यको काव्य क्षेत्रमा यस कृति निकै गहन स्थान राख्न सफल हुने देखिन्छ । जसले नेपाली भाषाको संरक्षण र विकासमा समेत योगदान गर्ने देखिन्छ ।

# दुई सेकेन्डको चेतना...


रामबाबु सुवेदी

खै किन हो मेरो मनमा केही दिनदेखि धेरै नराम्रा कुरा खेलिरहेको छ । भनौं मलाई गाली गर्लान् नभनौं मनभित्रको बेचैनताले भित्र-भित्र आँधी उठाएको छ । सायद भने भने सबैले मलाई जिस्केको यो भन्लान् वा पागल भन्लान् वा त्यस्तो पनि हुन्छ भन्लान् । नभनौं र केही गलत कदम उठाए भनेपछि बिचरा उसले त भन्दै थियो हामीले बुझेनौं भन्लान् ।

यो समाज नै त्यस्तै छ । अवसरवादीको समाज, महत्वकांक्षीको समाज र परस्परवादीको समाज । बाचुञ्जेल सराप्छन्, पागल भन्छन्, रिसाउँछन्, बैरागी भन्छन् । अनि केही गलत कदम उठाएपछि त्यस्तो गर्नु पहिले हामी थियौं नि हामीसँग परामर्श गर्नु, कुरा सेयर गर्नु, सल्लाह लिनु पर्थ्यो नि भन्छन् । म दोधारमा परेको छु खै भनौं कि नभनौं, कुरा श्यर गरौं कि नगरौं, परामर्श लिउ कि नलिउ ?

आफ्ना मान्यजनलाई वा ठूलालाई सुनाएँ भने 'जे पायो त्यही नगर/नभन' भनी हप्काउलान् । आफ्नो दाजुभाइ वा दिदीबहिनीलाई भन्यो भने 'त पागल कुरा नगर' भन्लान् । साथीभाइलाई भन्दा हाँसोमा उडाउलान् भन्ने डर, नबुझ्ने डर, जिस्काउलान् कि भन्ने डर । यो भिडको बीचमा खुलेर हाँस्न आजकल ऐठन हुन थाली सक्यो ।

मेरो हाँसो बिलाउँदै छ, मेरो खुशी रङ्गविहीन भएको महशुस हुन थालेको छ । यस्तो लाग्छ कि मलाई सबैले छाडी सके । मलाई मेरो जन्म हुँदादेखिको छाँयाले पनि साथ छोडे झैं लाग्न थालेको छ । म अदृश्य बने कि जस्तो लाग्न थालेको छ । आखिर मेरो अन्तरहृदयको सम्बन्ध मात्र बाँकी छ कि जस्तो लाग्न थालेको छ ।

हेर-हेर गोधुली साँझले राताम्मे बनाएको आकाश बिस्तारै कालरात्रिमा परिवर्तन हुँदैछ । रातको १० बजे म त्यही अन्धकारमा निस्केर आफ्नो बाटो पहिल्याउन खोज्छु ।

हरेक रात अनकन्टार अँध्यारोमा जुनकिरीको उज्यालोसँगै आशाको दियो बलेको देख्छु । हतार-हतारमा म त्यस दियो भेटाउन दौडिन्छु । चारैतिरको अन्धकारले मलाई थिच्छ, मलाई चपेटामा पार्छ र म एउटा ढुङ्गामा ठेस लागेर लड्न पुग्छु । शिरमा टनटन हुँदै दुख्छ, रिंगटा लागे झं हुन्छ, दाहिने हातमा हलचल गर्दा भारी दुखाई हुन्छ, मेरो दुई केजीको साना हातलाई ७० केजीको विशाल शरीरले थिचेको हुँदा मलाई निकै सकस हुन्छ । शिरबाट रगत अलि-अलि बग्न थाल्छ । मनभित्रको अन्तरद्वन्द्वले मलाई आजित पारिसकेको छ । म पुनश्च: उठ्न खोज्छु र त्यो जुनकिरीको धिपधिपे उज्यालोमा आफ्ना रङ्गिन सपनालाई साकार पार्न सफल बन्छु कि भनी दौडन्छु । अह् जुनकिरी म नजिकै पुग्न लाग्दा फिरफिर गर्दै अन्तै उड्छे । म निराश बन्छु र पुनः नैरश्यतावादी सोचमा डुब्छु ।

आखिर दिनको उज्यालोमा पनि साथ नदिने मेरा आफन्तहरुले, साथीभाइहरु अनि दिदीभाइ दाजुबहिनीहरुसँग मात्र कति निराश बन्नु । हेर त यो सानो फटिचर जुनकिरीले पनि मलाई साथ दिएन । म त प्रकाश खोज्न लाग्दा पनि बिलिन हुँदै गएको पाउँछु । आखिर किन ? म यतिसम्म एक्लो महशुस गरिरहेको छु ? म हार खाँदै गएको छु । मेरो सानो सपना पनि पूरा गर्न ठूला-ठूला अवरोध देख्छु ।

जाउ कता जाउ शिरको दुखाई अझ कम भएको छैन । म कोठामा फर्कन्छु अनि कोठाको बत्ती बालेर उज्यालो छततिर हेर्छु । म त त्यहाँ झुन्डिएको पंखा मात्र देख्दैछु । आहा ! यो निर्जिव पंखालाई त्यहाँ झुन्डिएर बस्न कति मजा आउँदो हो । म भित्र अर्कै मानवको प्रवेश भएको हुनुपर्छ । मलाई त्यहाँ झुन्डिएर बस्न पाए यो मानसिक तनाब त नहुने थियो भन्ने लाग्न थालेको छ ।

निस्सासिएर श्वास फेर्न गाह्रो भए झैं लाग्दैछ । म त एकोहोरो बनी त्यही धरातलमा उभिएको छु । म बाहिर लुगा सुकाउने डोरी लिन जाने सोच गरेँ । अनि हतारमा बाहिर निस्किएँ ।

*'आफ्नो जीवनदेखि किन*
*लाग्दै छ झर्को*
*मुटु भारी बनाई बाँच्न*
*खोज्दैछु अर्को*
*चुरोटको मजा झैं*
*लिउ कि म एक सर्को*
*यो जुनि हाँस्न सकिनँ*
*लिन्छु म अर्को'*

यही गीत गुनगुनाउँदै मैले हतार-हतार डोरी बोकेर भित्र ल्याएर पंखामा झुन्ड्याएँ । आखिर म यसरी निस्सासिनु र एक्लै हुनुमा कसको दोष ? मैले किन एक्लोपन कसैसँग बाड्न सकिनँ ? किन मलाई कसैले साथ दिन चाहेन ? मलाई किन सबैले हाँसोको पात्र बनाए ? मलाई कसैले किन सान्त्वना दिन चाहेन ? आखिर मेरो को रहेछ आफ्नो ?

मेरा समस्याले मात्र मलाई थिचेर यो देहसँग बाँधी राख्न अवश्य सक्दैन । मेरो जीवनको सप्तरङ्गी खुशी र ओठका मुस्कान अब कहिले किन आउन सक्दैन ? म किन आफूलाई सबैको विपरीत पाए झैं लाग्दैछ ? आखिर यो सबै कुरामा दोष कसको हो ?

मैले बिस्तारै पासो बनाएको डोरीलाई एउटा टेबलमा चढेर घाँटीमा हालेँ । एकछिन आँखा चिम्लिएर आफ्नो जीवन सम्झिन थालेँ । मेरो मन डराएको थिएन, आँखाबाट थोपो पश्चतापको आँशु आएको थिएन । घाँटीमा थापेको पासो र मेरो जीवनको सास जानलाई दुई सेकेन्डको मात्र फरक होला । आँखा चिम्लिएर मैले



आमा-बाबा सम्झिएँ, परिवार सम्झिएँ, आफन्त सम्झिएँ अनि मेरो कर्म सम्झिएँ ।

मलाई एक किसिमको ऐठन भए जस्तै भयो । मनमा चिसो पसे जस्तै भयो । अनि आँखाबाट तररर... आँशु आयो । म झस्किएँ । बल्ल मलाई होस आए जस्तो भयो । ओहो ! यो के गल्ती गर्न लागेछु मैले । यति ठूलो पाप कसरी गर्न लागे ? मेरो सानो गलत कदमले मेरो परिवारको खुशी किन मास्न लागे ? घाँटी छामे, अहो ! यो के गर्न लागेछु मैले ?

म आफूलाई त्यहाँ झुन्डिएको कल्पना गर्न थाले । मलाई देखेर आमाको मुटु छिया-छिया हुन लागेको पाएँ । कठै मेरो आमा प्रसव पीडामा छट्पटाएको जस्तो सम्झिएँ । बोली सुकेको र निकै बिरक्तिनुभएको सम्झिएँ । म आमाको आशाको केन्द्रबिन्दु थिएँ । आमाले मलाई भन्ने गर्नुहुन्थ्यो- 'मलाई बुढेसकालमा सहारा दिने र तीर्थ गराउने तेरै आशा लिएको छु बाबु ।'

अर्कातिर बाबा मेरा सपना साकार पारेपछि बुढेसकालमा सुख दिएला भन्ने छोरो झुन्डिएको देखेर मुर्छा परी लड्नु भएको सम्झिएँ । मैले सहज स्थिती उत्पन्न गरिनँ भन्ने लाग्यो र मेरो एउटा गलत कदमले मेरो बाबा-आमाको बिचल्ली भएको पाएँ ।

दिदीबहिनी एकातिर भाइटिकामा निधार खाली हुने पऱ्यो भनी बिरक्तिएको सम्झिएँ । दाजुभाइको प्रेम सम्झिएँ । साथीभाइहरुको माया सम्झिएँ । यी सबै सम्झनाले मलाई आत्महत्या गर्न रोक्यो । दुई सेकेन्डले मलाई ठूलो हुरीले निभाउन लागेको दियोलाई सानो आशाको त्यान्द्रोले दियो बलिरहन मद्दत जसरी गर्छ त्यसरी नै मेरो जीवनको श्वास सकिन लाग्दा आएको चेतले आत्मा देहबाट टाढिन पाएन ।

म तल ओर्लिएर पश्चातापको आँशु खसाउँदो हुन पुगेँ । आमाको कोखबाट जन्म लिनुअघि मैले नौ महिना मेरो आमालाई कष्ट दिएको थिए । बिचरा कति मानसिक, शारीरिक, आर्थिक तनावको बाबजुत पनि मलाई साहस साथ धैर्यताका साथ जन्म दिनुभयो । मेरो जन्मपश्चात् पनि मलाई लालनपालनमा कुनै कमी आउन नदिन बाबाले गरेको अथक परिश्रम सम्झिएँ । आमा-बाबा सम्झेर म अति भावुक बन्न पुगेछु ।

आत्मग्लानी हुन पुग्यो मलाई अनि आफैंलाई धिक्कारे । कस्तो सस्तो तरिकाले प्राण त्याग्न चाहेको मैले दुई सेकेन्डले मेरो चेत खुल्यो नभए म परलोक पुगिसक्थेँ । अब जीवन नयाँ कलाले बाँच्ने अठोट लिएको छु । दु:खमा सुख खोज्नेछु र पीडामा सहज यात्रा गर्नेछु । तर, म आत्महत्या कदापी गर्ने छैन ।

## गजल

सबै बस्ती ध्वस्त हुँदा रूँदै थियो सिन्धुपाल्चोक
पीडा अनि बेदना भेल धुँदै थियो सिन्धुपाल्चोक

मध्यरातमा जुरे फुट्दा ऐय्यासम्म भन्न पाएनन्
गुलेली जस्तै तल-तल हुँदै थियो सिन्धुपाल्चोक

ऐय्या बाबा-आमा भन्दै बाढीभित्र चिच्याउँदा
शोक र पिरको सन्नाटामा हुँदै थियो सिन्धुपाल्चोक

बाँच्ने आशाहरू उडेपछि मृत्यु मुखमा पुगे
सबै तप्प-तप्प आँशुसरी चुँदै थियो सिन्धुपाल्चोक

सबैको मनमा आगो लाग्यो लागि अनि पीडा
त्यै पानीमा कोशी अनि कुहुँदै थियो सिन्धुपाल्चोक

कसले सोच्न सक्छ यहाँ सुनकोशी थुनियोभन्दा
गाउँबस्तीका पीडाले मन छुँदै थियो सिन्धुपाल्चोक

सबै बस्ती ध्वस्त हुँदा रूँदै थियो सिन्धुपाल्चोक
पीडा अनि बेदना भेल धुँदै थियो सिन्धुपाल्चोक

**- दीपक ओली**
**अर्जुनधारा- ९, झापा**

